# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

सम्पर्क नं. : ९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेब: annapurnamunmyagdi.gov.np
G-Plus Code: **FJJV+JH Shikha**

गण्डकी प्रदेश, नेपाल ।


प.स.: २०८०।०८१
च.न. ८60

मितिः २०८०/११/०१
नेपाल संवत ११४४,सिल्लाथ्व, ४ -मंगलवार

## वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई उपचार खर्च सहायता सम्वन्धी सूचना !

वैदेशिक रोजगार नियमावली २०६४,को नियम २६ को (ख) मा नेपाल सरकारबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका र श्रम अवधि भित्र रहेका व्यक्तिहरुको एकाघरका परिवारका सदस्यहरुलाई ५घातक रोग लागेमा वैदेशिक रोजगार बोर्ड सचिवालय मार्फत रु.५०,०००।-(अक्षरुपी पचास हजार)सम्म उपचार खर्च बापतको आर्थिक सहायता प्रदान गर्ने व्यवस्था छ ।सोही बमोजिम यस अन्नपूर्ण गाउँपालिका भित्रका श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा रहनुभएका व्यक्तिका एकाघरका परिवारका सदस्यहरुले तपशिलका रोगहरु लागेको अवस्था भएमा निवेदन र आवश्यक कागजात सहित यस अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| उपचार खर्च पाईने रोगहरुः | | | | |
|---|---|---|---|---|
| १.अल्जाइमर | २.पार्किन्सन्स | ३. मुटुको शल्यक्रिया | ४. क्यान्सर | ५. मृगौला प्रत्यारोपण |

**आवश्यक कागजातहरु:**

१. वैदेशिक रोजगारीमा रहनुभएका व्यक्तिको राहदानीको प्रतिलिपि (प्रस्थान /आगमन छाप लगाएको),
२. श्रम स्वीकृतिको निस्सा‌को प्रतिलिपि,
३. बिरामीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. वैदेशिक रोजगारीमा रहनुभएका व्यक्ति र बिरामी बिच नाता प्रमाणितको कागजात र वडा कार्यालयको सिफारिस पत्र,
५. नेपालको सरकारी अस्पतालमा पछिल्लो पटक चेकजाँच गराएको प्रमाण( मेडिकल रिपोर्ट/प्रतिष्ठित चिकित्सकको प्रेस्क्रिप्शन),
६. बिरामीको बैङ्कको खाता नं. प्रमाणित हुने कागजात (चेकको प्रति)।

**थप जानकारीकोलागिः**

रोजगार सेवा केन्द्रः पोखरेबगर, म्याग्दी सम्पर्क नं. ९८४७६४२१००/९८४६९४८४१९

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत